नेपाल सरकार

# गृह मन्त्रालय

(कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा)

पत्र संख्या:- प्रजातन्त्र दिवस - २०८०
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ६१२

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति: २०८०/१०/२८
ने.स. ११४४ सिल्लाथ्व, २ आइतबार

श्री जिल्ला प्रशासन कार्यालय, सबै।

विषय: राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा ।

सदाझैं राष्ट्रिय प्रजातन्त्र दिवस, २०८० (फागुन ६, ७ र ८ गते तीन दिनसम्म) नेपाल राज्यभर र विदेशस्थित कुटनीतिक नियोगहरुमा समेत भव्यतासाथ मनाउने सन्दर्भमा राष्ट्रिय प्रजातन्त्र दिवस, २०८० मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको अध्यक्षतामा मिति २०८०।१०।२६ गते शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकबाट अनुमोदित कार्यक्रम अनुसार जिल्लाहरुमा तपसिल बमोजिमका कार्यक्रमसहित दिवस मनाउने व्यवस्था मिलाउनुहुन निर्णयानुसार अनुरोध छ।

तपसिल

१. फागुन ६, ७ र ८ गते तीन दिनसम्म जिल्लास्थित सबै सरकारी निकाय, प्रतिष्ठान तथा संघ-संस्थाका कार्यालयहरूको छत, बरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ सम्पूर्ण कार्यालयहरू र जिल्लावासीका घर-घरमा समेत दीप प्रज्ज्वलन गर्ने व्यवस्थाका लागि आवश्यक समन्वय गर्ने ।

२. माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वको प्रदेशस्तरीय "राष्ट्रिय प्रजातन्त्र दिवस समारोह समिति", जिल्ला समन्वय प्रमुख संयोजकत्वको जिल्लास्तरीय समिति र स्थानीय पालिका प्रमुखको संयोजकत्वको "राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम आयोजक समिति" द्वारा सञ्चालन हुने कार्यक्रमहरुमा आवश्यक समन्वय, सहजीकरण तथा शान्ति सुरक्षाको व्यवस्था मिलाउने।

३. जिल्ला स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी तथा स्वास्थ्य सेवा सम्बद्ध सरकारी, गैह सरकारी तथा सामुदायिक संघ-संस्थाद्वारा रक्तदान, स्वास्थ्य सचेतनामूलक कार्यक्रम एवम् स्थानीय तह र शिक्षा सम्बद्ध निकाय तथा संघ-संस्थाद्वारा फरक क्षमताका विद्यार्थीहरूका लागि हितकर शैक्षिक तथा खेलकुद सामग्री वितरण लगायतका कार्यक्रम आयोजना गर्न प्रोत्साहन, सहजीकरण र समुचित समन्वय गर्ने ।

४. दिवस अवधिमा जिल्लामा रहेका सार्वजनिक महत्त्वका स्थानहरू, सामाजिक-सांस्कृतिक तथा ऐतिहासिक पुरातात्विक महत्वका सम्पदास्थलहरूको सरसफाइसहित परिसर एवम् समस्थ स्थलहरूमा निर्वाचित जनप्रतिनिधि, स्थानीय समाजसेवी, राष्ट्रसेवक कर्मचारी एवम् सुरक्षाकर्मीहरू समेतको सामुहिक सहभागितामा साँझ दीप प्रज्ज्वलन गर्ने व्यवस्था मिलाउने ।

५. जिल्लामा आयोजना तथा सञ्चालन भएका दिवस सम्बद्ध कार्यक्रमहरूको संक्षिप्त विवरण मन्त्रालयमा समेत जानकारीको लागि संप्रेषण गर्ने ।

२०८० १०।२८

(विश्वराज न्यौपाने)
उपसचिव

सादर अवगतार्थ:
श्रीमान मन्त्रिज्यूको सचिवालय, गृह मन्त्रालय।